# तरकारी नर्सरी स्थापनातथासञ्चालन सम्वन्धी कार्यविधि, २०७७

पृष्ठभूमिः

भूमिकास्थाननगरपालिका क्षेत्र भित्रबसोवास गरि कृषि पेशामामात्रआवद्धकिसानहरुको उत्पादनतथाउत्पादकत्वबृद्धि गराउन सहयोग पुग्नेगरी हरेक वडामा तरकारी नर्सरी स्थापना कार्यक्रममार्फत ताजा तरकारीमाउत्पादन वृद्धि गराई कृषकहरुको आयआर्जन तथापोषणमाथप टेवापुगीजीवनस्तरमासुधार गर्ने अभिप्रायले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिमभूमिकास्थाननगर कार्यपालिकाको वैठकले यो कार्यविधि बनाई लागू गरिएको छ ।

## परिच्छेद-१

१. **संक्षिप्तनाम र प्रारम्भ** :तरकारी नर्सरी स्थापना सम्बन्धि कार्यविधि, २०७७ भूमिकास्थान नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागूहुनेछ ।

२. परिभाषा :

**विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) **'नगरपालिका'**भन्नाले भूमिकास्थाननगरपालिकालाई सम्झनुपर्छ ।

(ख) **'नगरप्रमुख'**भन्नाले भूमिकास्थाननगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(ग) **'नगरउपप्रमुख'**भन्नाले भूमिकास्थाननगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

(घ) **'प्रमुखप्रशासकीयअधिकृत'**भन्नाले भूमिकास्थाननगरपालिकाको प्रमुखप्रशासकीयअधिकृत सम्झनु पर्दछ ।

(ङ) **'वडा'**भन्नाले भूमिकास्थाननगरपालिकाको सबै वडाहरुलाई सम्झनु पर्दछ ।

(च) **'तरकारी नर्सरी स्थापनातथा सञ्चालन'**भन्नाले भूमिकास्थाननगरपालिका सवै वडाहरुमाछरिएर रहेकाअगुवाकिसानहरु मध्येबाटअधिकांशकिसानहरुलाई पायक पर्ने स्थानकाप्रत्येक वडामाएउटाव्यवसायिक नर्सरीको स्थापना गरी कृषकलाई नर्सरी धनीवनाई बाह्रै महिनाताजा तरकारीकामौसमीतथा वेमौसमीविरुवाउत्पादन गरीअन्य कृषकहरुलाई सुपथमूल्यमागुणस्तरीय विरुवाबिक्रीगर्ने ठाउँलाई सम्झनु पर्दछ ।

(छ) **"छनोट तथासिफारिस समिति"**भन्नाले कार्यक्रमकार्यन्वयनकालागिलाभग्राहीबाटप्राप्तनिवेदनछनोट तथासिफारिसकालागिगठनभएको छनोट तथासिफारिस समितिलाई बुझ्नु पर्दछ ।

(ज) **"लहरे बाली"**भन्नाले काँक्रा, घिरौला, लौका, करेला, चिचिण्डा, फर्सी आदिलाई जनाउने छ ।

(झ) **"काउली"**भन्नाले बन्दा, फूलगोभी, ब्रोकाउली, गाँठगोभीआदिलाई जनाउने छ ।

(ञ) **"फल तरकारी"**भन्नाले गोलभेंडा, भान्टा, खुर्सानी, सिमलाखुर्सानीआदिलाई जनाउने छ ।

३. उद्देश्यः

यस कार्यविधिकाउद्देश्यहरु तपसिलबमोजिमछन ।

(क) हरेकवडामाबाह्रै महिना तरकारीकागुणस्तरीय बिरुवाको उत्पादन गरी कृषकहरुलाई उपलब्ध गराउनु ।

(ख) ताजा तरकारीको उत्पादनतथाखपतबृद्धीगर्ने र पोषणमा सुधार गर्ने ।

(ग) नर्सरीधनीहरुलाई स्वरोजगार बनाउने ।

## परिच्छेद–२
## मापदण्ड, विधिर सञ्चालन क्षेत्र

**३. तरकारी नर्सरी स्थापना  सम्वन्धीमापदण्डः**

(क) कम्तिमा १० मिटर लम्वाई र ६ मिटर चौडाई भएको स्थायी प्लासटिक टनेल निर्माण भएको हुनुपर्ने ।

(ख) स्थापना हुने वा भएको नर्सरीमा थोपा सिचाई सेट, स्प्रिङ्कल सिचाई वा नियमित कुलो, प्लाष्टिक पोखरीको व्यवस्था भएको हुनुपर्ने ।

(ग) जमिनको अवस्थाको सन्दर्भमा पाहारिलो, दिनभर घाम लाग्ने, उर्वर माटो भएको जग्गा हुनुपर्ने ।

(घ) नर्सरी धनीले अनुदान प्राप्त गरिसकेपछि कम्तिमा पाँचबर्ष आफै वा आफ्नो परिवारको सदस्यहरुबाट सञ्चालन गर्ने प्रतिवद्धता जाहेर गर्नुपर्ने ।

(ङ) तरकारी नर्सरी स्थापना गरिसकेपछि कम्तिमा देहाय अनुसारका विरुवाहरु उत्पादन गर्ने ब्यबस्था मिलाउनु पर्नेछ ।

अ.काउली वर्गका कम्तिमा १००००० (एकलाख) बिरुवा,

आ. प्याजका (एकलाख) बिरुवा,

इ. लहरेवालीका कम्तिमा १०००० (दशहजार) बिरुवा,

ई. फलवालीका कम्तिमा १००००० (एकलाख) बिरुवा ।

(च) नर्सरी धनीले माथिउल्लेखितबिरुवाउत्पादनतथाबिक्रीको अभिलेख अनुसूची ४ बमोजिमको ढाँचामाराख्नुपर्नेछ र सोको प्रगति एक गाउँ एक कृषिप्राविधिकमार्फतनगरपालिकामा पेश गर्नुपर्नेछ ।

(छ) नर्सरी सञ्चालनकालागिआवश्यक पर्ने जनशक्तिको व्यवस्थाभएको हुनुपर्नेछ ।

**४. अनुदानउपलब्ध गराउने विधि :**

(क) नर्सरी स्थापनाकालागि१५ दिने आवेदन सम्वन्धीसूचनाप्रकाशनगर्नु पर्नेछ ।

(ख) अनुदानप्राप्तगर्नको लागिसम्बन्धित कृषक तथाब्यबसायीले अनुसूची १ बमोजिमको ढाँचामाआवश्यककागजात सहितनगरपालिकामानिवेदन पेश गर्नुपर्नेछ ।

(ग) तरकारीखेतीगरिरहेका,बिरुवाउत्पादन सम्वन्धी सीपभएका रवडामा धेरैकृषकलाई पायक पर्ने स्थानमाव्यवसायिक रुपमा कृषिकर्म गरिरहेकाअगुवा कृषकलाई पहिलो प्राथमकितादिइनेछ ।

(घ) तोकिएको मूल्याङ्कनकाआधारमा कृषक छनोट गरिनेछ ।

(ङ) अनुदानकालागिआवेदन पेश गर्ने व्यवसायिककृषकहरुले कार्ययोजनाको निर्माण गरी निवेदनसाथ पेश गर्नु पर्नेछ ।

(च) छनोट भइबिरुवाउत्पादनगर्ने कृषकहरुलाई शर्त बमोजिमनर्सरीमाबिरुवाउत्पादन गरे नगरेको अनुगमनपश्चात बैंक खातामाअनुदान रकमउपलब्ध गराइने छ ।

**५. कार्यक्रमसञ्चालन क्षेत्र:तरकारी नर्सरी स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधी, २०७७** अनुसार स्थापना हुने तरकारी नर्सरीहरु नगरपालिकाका १० वटै वडाको उपयुक्त स्थानमासञ्चालन गरिनेछ ।

## परिच्छेद–३
## छनोटतथासिफारिस समितिसम्बन्धीब्यबस्था

**६. छनोट तथासिफारिस समिति**:प्रत्येक वडामा तरकारी नर्सरी स्थापना एवम्सञ्चालनगर्न इच्छुक कृषकहरुबाटप्राप्तनिवेदनहरु छानविन गरी छनोटकालागिनगरकार्यपालिकामा पेश गर्न तपसिलबमोजिमको एकछनोट तथासिफारिस समिति रहनेछ ।

१. प्रमुखप्रशासकीयअधिकृत -संयोजक

२. योजनाशाखाप्रमुख - सदस्य

३. सम्बन्धितशाखाको शाखाप्रमुख -सदस्य सचिव

बैठकमाआबश्यकताअनुसार बढीमा ३ जनाविषयविज्ञ समेतलाई आमन्त्रणगर्न सकिनेछ । बैठक सम्बन्धीकार्यविधी समितिले आफै तय गर्न सक्नेछ ।

**७. छनोटकाआधारहरु:**

१. तरकारीका नर्सरी स्थापनातथाविरुवाउत्पादनगर्ने व्यवसायी/फर्म/कृषक छनोट गर्नकालागि देहायबमोजिमकामूल्याङ्कनकाआधारहरुअवलम्वनगर्नुपर्नेछ ।

(क) महिलाकृषकभएमा १०अङ्क

(ख)आफ्नै जग्गामा तरकारीवालीनर्सरी स्थापना गरी कृषिकार्य गरिरहेको भए १० अङ्क

(ग) कम्तिमा २ रोपनीजग्गालिज/भाडामालिई तरकारी नर्सरी स्थापना गरेको भए ५अंक

(घ) सिंचाई सुविधाभएकोजग्गाभए ५अंक

(ङ) विरुवाउत्पादन सम्वन्धिकुनै तालिमलिएको भए १० अंक

(च) फर्मदर्ता गरी व्यवसायिक रुपमा तरकारी नर्सरी स्थापनागरेको भए १० अंक

**जम्मा ५० अंक**

## परिच्छेद -४
## अनुदान रकम, प्राविधिक सेवातथाअनुगमन

**८. उलब्ध गराउने अनुदान रकम :** (१) तरकारी नर्सरी स्थापनाको लागिछनोटमा परेका कृषकसँगअनुसुची-२ बमोजिमसम्झौतागरिनेछ ।

(२) सम्झौतापश्चात नर्सरी स्थापनाको कार्य सम्पन्न भैसकेपछिकार्य सम्पन्नप्रतिवेदनको आधारमानियमानुसार करकट्टी गरीअनुदान रकमबैक मार्फत सम्बन्धित कृषकको खातामाउपलब्ध गराउनु पर्नेछ ।

**९. प्राविधिक सेवा:**तरकारी नर्सरी स्थापनाको लागि कृषक छनोट भैसकेपछिनगरपालिकाबाटप्राबिधिक सेवाउपलब्धहुनेछ ।

**१०. अनुगमन:**(१) तरकारी नर्सरी स्थापनाएवम्सञ्चालनअवधि र पश्चातकार्यक्रमको नियमितअनुगमनगर्नुपर्नेछ ।

(२) अनुगमनप्रतिवेदन अनुसूची ३ बमोजिमको ढाँचामानगरपालिकामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद -५
## विविध

**११. बाधाअड्काउफुकाउने:**यस कार्यविधिकार्यान्वयनमाकुनै बाधाअड्काउ परे नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**१२. परिमार्जन तथा संशोधन :** कार्यविधिलाई आवश्यकताअनुसार नगर कार्यापालिकाले परिमार्जन तथा संशोधनगर्न सक्नेछ ।

# अनुसूची - १

( दफा ४ को खण्ड (ख)सँग सम्बन्धित )

## निवेदनको ढाँचा

मिति २०र      र

**श्रीमान्प्रमुखप्रशासकीय अधिकृत ज्यू,**
भूमिकास्थान नगरपालिका, अर्घाखाँची।

विषयः**तरकारी नर्सरी स्थापना**कार्यक्रमको सहभागी हुन प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा तँहा कार्यालयबाट मितिर२०ररमाप्रकाशित गरिएको सूचना अनुसार **तरकारी नर्सरी स्थापनातथा सञ्चालनु**कार्यक्रममा सहभागी हुन म/हामीले भूमिकास्थान नगरपालिका वडा न"...मा रहेको आफ्नै/लिजमा लिएको जग्गामा तरकारी नर्सरी स्थापना कार्यक्रमका लागितोकिएका सर्तहरुको अधिनमा रही कार्य गर्न मञ्जुर भएकालेनिम्न कागजातहरू यसै पत्रसाथ संलग्न गरी यो प्रस्ताव पेश गरेको छु/छौं।

**संलग्न कागजातहरुः**

१. नागरिकताको प्रतिलिपि ।
२. निर्माण गरिने पूर्वाधारको हकमा अनुमानित लागत अनुमान ।
३. कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण–पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नको लागि कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता–पत्रको प्रतिलिपि ।
४. फर्म दर्ता भएको भए दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
५. कार्ययोजना ।
६. तपसिलको ब्यहोरा खुल्ने वडा कार्यालयको सिफारिस ।
   (क) महिला कृषक
   (ख)आफ्नै जग्गामा तरकारीवालीनर्सरी स्थापना गरी कृषिकार्यगरिरहेकोसिफारिस
   (ग)सिचाई सुविधाभएको भएजग्गाको सिफारिस

निवेदक

दस्तखत ः
नामः
ठेगानाः
सम्पर्क नं. ः

अनुसुची -२

( दफा ८ को (१)सँग सम्बन्धित )

## सम्झौता पत्र

भूमिकास्थान नगरपालिका नुवाकोट अर्घाखाँची ९यस पछिप्रथम पक्ष० र भूमिकास्थान नगरपालिका वडा नं……… स्थित श्री ……………………।।।।।।।।।……………नर्सरी सञ्चालक भूमिकास्थान नगरपालिका वडा नं…… लाई ९यस पछि दोस्रो पक्ष० भनिनेछ ।दुबै पक्ष वीच तरकारी नर्सरी स्थापना तथा सञ्चालन सम्वन्धी कार्यविधि, २०७७ अनुसार तपशिलकोबुँदामा सम्झौता गऱ्यौं।

**तपशिल**

१। दोस्रो पक्षले तरकारी नर्सरी स्थापना गरिसकेपछि प्रथम पक्षले अनुगमन गरी नियमानुसार करकट्टी गरी सम्बन्धित कृषकको बैंक खातामा अनुदान उपलब्ध गराउनु पर्नेछ ।

२। दोस्रो पक्षले तरकारी नर्सरी स्थापना गर्दा तोकिएको कार्यविधि अनुसार उल्लेखित सर्तहरुको पालना गर्नु पर्नेछ ।

३। नगरपालिकाले दोस्रो पक्षले माग गरेको बखत प्राविधिक सेवा उपलब्ध गराउने छ ।

४। दोस्रो पक्षले कार्य सम्पन्न भएको लिखित जानकारी प्रथम पक्षलाई गराउनु पर्नेछ ।

५। दोस्रो पक्षले कार्यक्रम सञ्चालन पश्चात प्रत्येक महिनामा प्रगति प्रतिवेदन बुझाउनु पर्नेछ ।

६। तरकारी नर्सरीबाट उत्पादित विरुवाको जात, संख्या, विक्री आम्दानी खर्चको विवरणको खाता अनिवार्य रुपमा राख्नु पर्नेछ ।

७। दोस्रो पक्षले "तरकारी नर्सरी स्थापना तथा सञ्चालन सम्वन्धी कार्यविधि २०७७ बमेजिमको प्राप्त अनुदान रकम अन्य प्रयोजनमा खर्च गर्न वा दुरुपयोग गर्न पाइने छैन । यदि दुरुपयोग भए गरेको ठहर भएमा प्रथम पक्षले सरकारी बाँकी सरह असुल उपर गरी सम्झौता भङ्ग गर्न सक्नेछ ।

८। प्रथम पक्षबाट हुने अनुगमनमा दोस्रो पक्षले पूर्ण सहयोग गर्नुपर्नेछ ।

९। दोस्रो पक्षले तरकारी नर्सरी स्थापना तथा सञ्चालन सम्वन्धी कार्यको सुरक्षा,व्यवस्थापन, विमा लगायत अन्य भैपरी आउने सम्पूर्ण कार्यको जिम्मेवारी लिनु पर्नेछ ।

१०। तरकारी नर्सरी स्थापना तथा सञ्चालन सम्वन्धी कुनै दुविधा भएमा भूमिकास्थान नगरपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

११। दोस्रो पक्षबाट उत्पादित मौसमी तथा बेमौसमी तरकारीका बिरुवाहरु आफ्नो वडा भित्रका कृषकहरुलाई सहुलियत दरमा उपलब्ध गराउनु पर्नेछ ।

१२। यस सम्झौतामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| सहीः | सहीः |
| नामः | नामः |
| पदः प्रमुख प्रशासकीय अधिकृत | पदः |

**रोहवर**

सहीः

नामः

पदः

मिति २० साल महिना गते बारमा सुभम् ।

अनुसूची-३
( दफा१०को (२) सँग सम्बन्धित )

## प्रतिवेदनको ढाँचा

श्री भूमिकास्थाननगरपालिका
नुवाकोट, अर्घाखाँची
अनुगमनप्रतिवेदन

मिति : ))))))))))

कृषक/फर्मको नाम : ............................................................................................

ठेंगानाः भूमिकास्थान नगरपालिका, वडा नं.........

नर्सरी सञ्चालनभएको स्थान : ............................................................................

नर्सरी सञ्चालनभएको मिति : ..............................

नर्सरी सञ्चालनभएको जग्गाको क्षेत्रफल ........................... रोपनी ....................... वर्गमीटर

पानीको श्रोत र ब्यबस्थापन ................................................................................

तरकारीबीउउत्पादन सम्बन्धीविवरण

मिति .................. देखि ...................... सम्म

मौसमीतथा बेमौसमी तरकारी विरुवाउत्पादन सम्बन्धीविवरण

| क्र.सं. | तरकारीको नाम | जात | विरुवाउत्पादन संख्या | विक्री दर प्रतिगोटा | सेवाग्राही संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नर्सरी स्थापनागर्दाको अनुमानितलागत :

बिरुवाबिक्रीहुने बजार/स्थान :

जनशक्तिविवरण :

अन्यअवस्था :

कृषकको नाम, थर :
हस्ताक्षर :
मिति :

अनुगमनगर्ने
नाम, थर :
पद :
सही :

अनुसूची-३
( दफा३को खण्ड(च) सँग सम्बन्धित )

<u>उत्पादनतथाबिक्रीअभिलेखकोढाँचा</u>

नर्सरीको नाम :

ठेंगानाः भूमिकास्थाननगरपालिकावडा नं......

कृषकको नाम :

उत्पादन लगत रजिष्टर

| क.सं. | विवरण | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

बिक्री लगत रजिष्टर

| क.सं. | विवरण | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

कृषकको दस्तखत :

मिति :